# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
## जगन्नाथ गाउँपालिका
## बाजुरा ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं४२८

मिति: २०७७/३/२६


श्री अध्यक्षज्यू,
जगन्नाथ गाउँकार्यपालिकाको,कार्यालय,
बाजुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्या : २०७६।७७
च.नं :४३७

मिति : २०७७।३।२६

श्री अध्यक्षज्यू,
जगन्नाथ गाउँपालिका, बाजुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले जगन्नाथ गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यसंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड २ लाख ९३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु१ करोड ३ लाख ७७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १९ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. ६ लाख २० हजार र पेश्की बाँकी रु. ७३ लाख १८ हजाररहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना१२ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२६

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# जगन्नाथ गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो पालिका अन्तर्गत ६ वडा रहेको, ३५ सभा सदस्य, ७१.७३ बर्ग कि.मी. क्षेत्रफल, ९४३२ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम जगन्नाथ गाउँपालिकाले प्राप्त गरेको आय, व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.सं | आय तर्फ | | क्र.सं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | यस आवको रु. | | विवरण | यस आवको रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **प्रदेश चालू खर्च** | ०.०० |
| | नगद | | २ | **पूजिगत खर्च प्रदेश** | १०४७००००.०० |
| | धरौटी | | | **वित्तीय समानीकरण अनुदान पूजीगत** | ८६०२७०५६.९६ |
| | बैंक | १७८२१७७३.९० | ३ | **राजश्व वाडफाड खचं (चालु/पुजीगत)** | ४१३७००९३.८९ |
| २ | केन्द्रीय राजश्व | | | **वित्तीय व्यवस्था भुक्तानी** | |
| | **राजस्व (आन्तरिक आय)** | | | समाजिक सुरक्षा | १८९२४०००.०० |
| | आन्तरिक राजस्व | १४०४४०८.२२ | | संघीय सरकार हस्तान्तरित कायंक्रम | |
| | राजस्व बाँडफाँड | ३१३७५३८५.८८ | ४ | वहुक्षेत्रीय पोषण योजना | ११६१६००.०० |
| ३ | अन्य आय | | | प्रधानमंत्री रोजगर कायंक्रम | २९७५३१४.०० |
| | **वित्तीय हस्तान्तरण** | | | प्रदेश तथा स्थानीय तह क्षमता | ३०५०००.०० |
| | वित्तीय समानीकरण अनुदान | ६७४००००००.०० | | सशर्त प्रदेश प्रोत्साहन भत्ता | ३३००००.०० |
| | राजश्व वाडफाड विभाज्य कोष | | | झोलुंगे पुल कायंक्रम | ४१९६२८३.०० |
| | सशर्त अनुदान | ५८१५९०००.०० | ५ | पदेश वितय समानीकरण | |
| | झोलुंगे पुल कायंक्रम | ६९०००००.०० | ६ | निर्वाचन क्षेत्र साझेदारी | २०७०००००.०० |
| | समाजिक सुरक्षा | १९४४२०००.०० | ७ | **धरौटी फिर्ता** | ६५२०००.०० |
| | निर्वाचन क्षेत्र साझेदारी | ३५००००००.०० | | शसर्त अनुदान खर्च | ५३९५३३५५.५० |
| | प्रधानमंत्री रोजगर कायंक्रम | ३५०२०००.०० | | केन्द्रीय राजश्व दाखिला | |
| | वहुक्षेत्रीय पोषण योजना | १२३५०००.०० | | जलस्रोत कार्यक्रम | ७३०००.०० |
| | जलस्रोत कार्यक्रम | १५००००.०० | ८ | **जलस्रोत कार्यक्रम फिर्ता कोलेनीका** | ७७०००.०० |
| | प्रदेश तथा स्थानीय तह क्षमता | ३०५०००.०० | | | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **मौज्दात** | |
| | वित्तीय समानीकरण अनुदान | १०४७००००.०० | | नगद मौज्दात | |
| | सशर्त प्रोत्साहन भत्ता | ३३००००.०० | | बैंक मौज्दात | ६१८६४.६५ |
| | कण्टिञ्जेसी | | | धरौटी | ६३३३७३.५० |
| | **धरौटी आय** | १२८५३७३.५० | | | |
| | जम्मा | २२३२७९९४१.५० | | जम्मा | २२३२७९९४१.५० |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>आन्तरिक नियन्त्रण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । वार्षिक खरिद योजना, नागरिक वडापत्र, सेवाग्राही मैत्री संरचना, मलेप फारम नं. २, भ्रमण अभिलेख खाता, खरिद इकाई गठन जस्ता कार्यमा कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गराई कार्यान्वयन गर्नु गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>वित्तीय विवरणको यथार्थता : नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरणहरु, लेखानीति तयार गर्ने यो वर्ष स्वेच्छिक भएपनि २०७६/७७ देखि अनिवार्य रुपले तयार गर्नुपर्ने भएकोले तदनुसार वित्तीय विवरण तयार गर्ने गरी लेखा राख्ने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>राजस्व बाँडफाँडः बजेट तयार गर्दा रु ४२००००००। प्राप्त हुने अर्थ मन्त्रालयबाट जानकारी प्राप्त भएकोमा रु ३१३७५३८५।८८ मात्र प्राप्त भएकोले सो अनुसार अनुदान नआउदा समस्या परेको छ ।</td><td></td></tr>
<tr><td>४.</td><td>विशेष अनुदानः विशेष अनुदान रु २ करोड प्राप्त हुने अर्थ मन्त्रालयबाट बजेट बनाउदा जानकारी प्राप्त भएपनि सो रकम प्राप्त भएन ।</td><td></td></tr>
<tr><td>५.</td><td>सशर्तको बाँकी खर्च : सशर्त अनुदान रकम शर्त अनुशार खर्च गर्न नसकेमा फिर्ता गर्नुपर्ने मा सो अनुशार नगरी अन्यत्र खर्च गरेकोले सो रकम आगामी आर्थिक वर्षको प्रापत हुने अनुदानबाट घटाई वा पालिकाको खाताबाट बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विवरण र शिर्षक</th><th>निकासा</th><th>खर्च</th><th>बाँकी</th></tr>
<tr><td>१</td><td>निर्वाचन क्षेत्र विकास कार्यक्रम</td><td>३५०००००</td><td>२०७००००</td><td>१४३००००.००</td></tr>
<tr><td>२</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td>३५०२०००</td><td>२९७५३१४</td><td>५२६६८६.००</td></tr>
<tr><td>३</td><td>बहुक्षेत्रीय पोषण</td><td>१२३५०००.००</td><td>११६१६००.००</td><td>७३३४०.००</td></tr>
<tr><td>४</td><td>सामाजिक सुरक्षा</td><td>१९४४२०००</td><td>१८९२४०००</td><td>५१८०००.००</td></tr>
<tr><td>५</td><td>झोलुङ्गेपुल कार्यक्रम</td><td>६९०००००.००</td><td>४१९६२८३</td><td>२७०३७०७.०</td></tr>
<tr><td>६</td><td>सशर्त अनुदान</td><td>५८१५९०००</td><td>५३९५३३५५.५०</td><td>४२०५६४४.०</td></tr>
<tr><td>७</td><td>जलश्रोत कार्यक्रम</td><td>१५००००.००</td><td>७३०००.००</td><td>७७०००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९५३४३७७.००</td></tr>
</table></td><td>९५३४३७७.५</td></tr>
<tr><td>६.</td><td>श्रोत अनुमान तथा वजेट सिमा : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सोको पूर्णपालना गर्न कार्यक्रममा तादाम्यता र परिपूरकता हुनेगरी खर्च गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>७.</td><td>सम्पत्ति लेखांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ मा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस` २०७६ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>नगरपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>८.</td><td>वार्षिक खरिद योजना : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद इकाई गठन तथा खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ । | |
| ९. | **वजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीयत तह संचालन ऐन, २०७४ को दफा ६७ मा ७ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था नगरेकोले सो मा सुधार हुनुपर्दछ । | |
| १०. | **वडा संचालन खर्च** : खर्चको विल भर्पाई पेश गरेपनि खर्च शिर्षक नियमित नगरी जुनसुकै प्रकारको विल भर्पाई पेश गरेपनि सोधभर्ना तथा खर्च लेख्ने गरी यस पालिकाले वडा नं. १ देखि ६ सम्मको प्रतिवडा रु. २,५०,०००।०० लाखका दरले स्टेशनरी, चियापान खर्चको लागि रु. १५ लाख खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ११. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १२. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १३. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको नगरस्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ । | |
| १४. | **चौमासिक खर्च :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २०.९८ प्रतिशत, दोश्रो चौमासिकमा १९.४९ प्रतिशत र तेश्रो चौमासिकमा ५९.५३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा २६.३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विवरण अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १५. | **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) नगरपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ । | |
| १६. | **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा गाँउपालिकाले आफ्नो कार्यबोभ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धि सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको दरवन्दीमा देहायनुसार १५४ स्वीकृत रहेकोमा हाल जम्मा शिक्षक समेत ४४ जना स्थायी, ६४ करार ११ जना राहत र १९ जना स्वयं सेवक शिक्षक समेत १३८ जना कार्यरत रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिघ्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो । | |

| क.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | स्वयम सेवक |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | शिक्षक |
| १ | नगरपालिका वडा समेत | ३१ | ३ | २२ | | ० |
| २ | कृषि भेटनेरी | ६ | | २ | | ० |
| ३ | स्वास्थ्य | १८ | १० | २ | | ० |
| ४ | शिक्षक | ८१ | ३१ | २० | ११ | १९ |
| ५ | वर्थिङ्ग सेन्टर | ६ | | ६ | | |
| ६ | स्वस्थ्य इकाई | १२ | | १२ | | |
| | **जम्मा** | **१५४** | **४४** | **६४** | **११** | **१९** |

१७. **मध्यकालीन खर्च संरचनाः-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१८. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाँउपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । तर यस नगरपालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेको छैन । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन । भवन संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद सामाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ।

१९. **सम्पत्ति हस्तान्तरण र जिन्सी निरिक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा मा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले जग्गा, भवन संरचनाको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा कार्यालयहरुमा रहेका सामानहरुको एकिन हुने गरी जिन्सी निरीक्षण गरेको छैन । यसका अतिरिक्त नियमानुसार जिन्सी निरीक्षण नगर्नुका साथै माग फारममा सामान माग गरेको भएपनि निकासी नम्वर र सामान बुझ्नेको गत वर्षको जिम्मेवारी, खप्ने नखप्ने समान समेतको दस्तखत समेत गरेको देखिएन । तत्काल जिन्सी निरीक्षण गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

२०. **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ ।

२१. **निशुल्क औषधि लोगो :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ को खण्ड (च) मा सरकारी जिन्सी सामानको दुरुपयोग हुन नपाउने गरी आन्तरीक नियन्त्रण व्यवस्था अपनाउनु पर्ने उल्लेख छ । संघीय संसद सार्वजनिक लेखा समितिले पनि नेपाल सरकारबाट निशुल्क रुपमा वितरण हुने औषधिमा नेपाल सरकारबाट निशुल्क वितरणको लोगो लगाउनु पर्ने निर्देशन दिएको छ । यसरी लोगो नलगाइएको कारणले रु. १७,०५,०००। बराबरका ती औषधीबाट कुनै व्यक्तिले फाइदा हुने गरी प्रयोग गर्न नसक्ने र निशुल्क वितरणको लोगो नलागाएमा दुरुपयोग हुन सक्ने भएकोले सो सुनिश्चित हुने गरी निशुल्क वितरणको लोगो प्रयोग हुनुपर्दछ ।

| | | |
|---|---|---|
| २२. | **आन्तरिक आय :** आर्थिक कार्याविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्वको दाखिला र राजस्व लेखा, नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने र नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ । गाउँ सभाले आन्तरिकबाट रु. ७,२५,०००। प्राप्त हुने अनुमान गरेको भएपनि रु १४०४४०८.२२ प्राप्त भयो । यसमा वोलपत्र विक्री वाट रु ८,५०,०००। समेत समावेश छ । यसमा देखिएका व्यहोरा देहायानुसार छन :<br><br>१) मालपोतको लगत राखि असुल गर्ने साथै वडावाट प्राप्त आय एकिन गर्नुपर्ने देखिएको छ ।<br>२) नक्सापासबाट आय प्राप्त भएको छैन र नक्सापास गरी घर बनाउने कार्य व्यवस्थित तरिकाले हुने गरेको देखिएन ।<br>३) सिफारिश मालपोत आदी असूल गरी प्राप्त राजस्व दैनिक रुपमा मलेप फारम १०८ मा पोष्टिङ्ग गरी देखाउनुपर्नेमा असूल भएको विभिन्न प्रकारको राजस्व वडाबाट संकलन गर्न प्रत्येक वडालाई दिएको नगदी रसिद वुझाएकोमा ती रसिदको प्रयोग गरी वडाबाट उठेको राजस्व जोड जम्मा गर्दा र केही कमजोरी छ की भनी कार्यपालिकावाट एक कमिटी निर्माण गरी सो कमिटीले जाँच गर्दा त्यस्तो उल्लेखनीय कमजोरी एवं मस्यौट गरेको नदेखिएको मौखिक जानकारी उक्त कमिटीले दिएको प्रशासकीय अधिकृतवाट जानकारी प्राप्त भयो । | |
| २३. | **अनुगमन मूल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ ख (५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन वैठकमा पेश गर्ने अधिकार पालिकाको उपप्रमुखलाई दिएको छ । सो अनुसार प्राविधिक तथा प्रशासनिक प्रमुख समेत रहने गरी अनुगमन समिति गठन गरेको छैन ।वडास्तरमा कमिटी गठन गरेको जानकारी तथा कतिपय वडाका अनुगमन प्रतिवेदनमा सो व्यहोरा उल्लेख भई आएको स्थिति छ । उप प्रमुखको स्वस्थ्य स्थितिको कारण अनुगमन अन्य व्यक्तिवाट भएको देखियो । तर उपाध्याक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरी प्रत्ययोजित व्यवस्था अनुसार अनुगमन गर्ने व्यवस्था मिलाइ सुधार हुनुपर्दछ । | |
| २४. | **फोहोरमैला व्यवस्थापन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (झ) मा आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धि पूर्वाधारको विकास र व्यवस्थापनमा निजी र गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ । यस कार्यलाई सफल पार्न गत वर्ष प्रत्येक वडाका लागि रु १ लाख छुट्टयाईएको यो वर्ष महिला लक्षित कार्यक्रमको रुपमा रु ५० हजारका दरले छुट्याइएकोमा सरसफाई, छाउपडी र मदिरा निषेधित कार्यक्रम गरेको जानकारी प्राप्त भयो । अवलोकन गर्दा प्लाष्टिक र प्लाष्टिक जन्य फोहोर पार्ने प्रवृत्ति बढ्दै गएको देखिएकोले त्यसतर्फ पालिका सचेत हुनुपर्दछ । | |
| | **वित्तीय समानीकरण पूजीगततर्फ :** | |
| २५. | **सडक सीमा अधिकार क्षेत्र :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार क्षेत्र ( Right of way ) को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार राइट अफ वे तोकेको छैन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| २६. | **प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक मितव्ययी बनाउने उद्देश्य छ । पेश गरेको बोलपत्रको सहभागिता र लागतमा सडक निर्माणका ७ वटा ठेक्का र १ वटा सवारी साधन खरिद कार्यमा बोलपत्र दाखिला १ देखि ६ वटासम्म भएको छन । लागत अनुमानको तुलनामा ०.१८ देखि ०.६८ सम्म मात्र घटीमा सम्झौता भएकोले स्वच्छ प्रतिस्पर्धा भएको हो भन्ने नसकिएकोले प्रतिस्पर्धालाई बढवा दिई मितव्ययी गराउनेतर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| २७. | **ा भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा देहायका आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिबाट डोजरको स्वामित्व भएको कम्पनीबाट मुअकर सहितको कर विजक जारी गरेको प्रमाण संलग्न गर्नुपर्नेमा सो नगरी संझौताको आधारमा भाडा मानी १० प्रतिशत बहाल कर कट्टा गरेको देखियो । साथै, आगामी भुक्तानी दिँदा नियमानुसार डोजरको स्वामित्व भएको कम्पनीबाट कर विजक लिने व्यवस्था हुनुपर्दछ । | |

| भौ.न./मिति | विवरण | रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १९-०७६/९/५ | फरेढुङ्गा गर्नेगाड सडक | ७६०५७९१.०० |
| ७६-०७६/१/१३ | कर्णाली कोरिडोर देखि कैलाश मावि हुदै मनिकाडा सडक | ७६००००.०० |
| | **जम्मा** | **१५२०५७९१.००** |

२८. **लगानी :** सार्वजनिक निकायले स्थानीयस्तरमा सेवा विक्री गरी दिर्घकालीन नाफा कमाउन सक्ने योजनालाई अनुदान दिनु भन्दा लगानी गर्नु उपयुक्त हुन्छ । कार्यालयले देहायका दिर्घकालीन नाफामुलक योजनालाई भुक्तानी गर्दा लाभको हिस्सा एकिन नगरेको तथा संचितकोषमा देखाएको छैन । दीर्घकालसम्म कायम रहने यस्ता योजनामा लगानी गर्दा लगानीलाई समग्रमा देखाउने, लागत लाभको विश्लेषण गरेर लगानी गर्ने, लाभको हिस्सेदारीलाई सम्झौतामा उल्लेख गर्ने, सम्झौताका कागजात सुरक्षित र भरपर्दो राख्ने, सेयरप्रमाण पत्र लिने, लगानी सम्बन्धमा स्थानीय मापदण्ड, नीति र कानुन बनाउने कार्य गर्नुपर्ने देखिन्छ । लगानीको संम्झौता र लगानीको हिस्सा आर्थिक विवरणमा देखाउनुपर्ने देखिएको रु. ९०००००.००

| **क्र.सं** | **विवरण** | **यस वर्ष लागनी** |
|---|---|---|
| १ | जुड्डी खोला  लघु जलविद्युत्त आयोजना | ३०००००.०० |
| २ | वड्डी खोला लधुजलविद्युत्त डिपिआर | ६०००००.०० |
| | **जम्मा** | **९०००००.००** |

२९. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आवमा भुक्तानी दिएका निम्नानुसारका योजनामा बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. ६५१२२३.६६

| क्र.सं | भौ.न. ⁄ मिति | विवरण | परिणाम | फरक ⁄ बढी दर | रकम रु. |
|---|---|---|---|---|---|
| १ | १६९-०७६/३/२७ | एघारेमुल खानेपानी योजनाको आइटम नं. २ कोstone masonary wall c/s 1:4को नापी गर्दा आरभिटी २ को लङ वालको गणना गर्दा ११.१७ बढि गणना गरि बढि भुक्तानी भएको । | ११.१७ | १५९७८.० | १७८४७४.२६ |
| २ | १४०-०७६/२/२६ | राडुखोला लुमा जगन्नाथ ठाकुर खा.पा. योजनाको आइटम नं. २ stone masonary wall c/s 1:6मा आरभिटी लङ्ग वालतर्फ ३.८४ इकाई हुनुपर्नेमा १४.४ भएकोले बढि १०.५६ इकाई असुल हुनुपर्ने । | १०.५६ | १८७६५.० | १९८१५८.४० |
| ३ | १४०-०७६/२/२६ | राडुखोला लुमा जगन्नाथ ठाकुर खा.पा. योजनाको आइटम नं. २ stone masonary wall c/s 1:6 मा दररेट १०४९६। ले १७.९२ भुक्तानी दिनुपर्नेमा प्रति घनमिटर रु. १८७६५। का दरले दिएको । | १७.९२ | ८२६९.० | १४८१८०.० |
| ४ | १४३-०७६/२/२७ | खानेपानी गाउँपालिका खानेपानी योजनाको पिसिसि : १:२:६ को आरभिटि तर्फको गणना गर्दा ०.१८ इकाई हुनुपर्नेमा ८ इकाई भएकोले ७.८२ इकाई बढि भुक्तानी दिएको । | ७.८२ | १६१६५.० | १२६४११.० |
| ५ | | **जम्मा** | | **६५१२२३.६६** | |

३०. **त्रुटीपूर्ण ल.ई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था छ । वेर्ने खोला सिंचाई योजनाको ट्याङ्की निर्माणको लागि लागत अनुमानमा लङ्ग वालको लम्वाई ५.६ मिटर र सर्टवालको लम्वाई ५.६ मिटर राखेको देखियो । सोही बमोजिम नापी कितावमा वास्तविक कार्यमा वर्गाकार ट्याङ्की लाई हुने लम्वाई र चौडाईको समान दिई भौ.न. १८३-०७६।३।२९ बाट रु ३३७२५०।०० भुक्तानी भएको देखियो । यसमा लम्वाई चौडाई वरावर नभई कम्तिमा वालको चौडाई वरावरको नाप फरक पर्नुपर्नेमा सो नभएको देखिएकोले व्यवहारिक रुपमा उक्त संरचना वन्न सक्ने देखिएन । यसबाट उक्त योजनामा वास्तविक नापजाँच गरी प्राविधिक विल तयार गरेको भन्ने आधार नदेखिएकोले सम्वन्धित प्राविधिकलाई यस्ता कार्यमा जिम्मेवार वनाई नापजाँच गर्न लगाई वास्तविक भुक्तानी गर्नुपर्ने रु. ३३७२५०.००

क) साथै, यस योजनाको आइटम नं.४ मा सिमेन्ट मोटार ढुङ्गा लगाउने कार्य (१:४) को दर रु. १३५५६। प्रतिइकाईको दरले भुक्तानी हुनुपर्नेमा रु. १६४६०। को दरले भुक्तानी भएको देखिएकोले बढि भुक्तानी प्रति घनमिटर रु. २९०४। का दरले १३.४४ घनमिटरको हुने रु. ३९०३०। असुल हुनुपर्ने रु. ३९०३०.००

३१. **लागत अनुमान बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ५ (क) मा सार्वजनिक निकायले लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्ने व्यवस्था छ । भौ.न. ४७-०७६।१।१३ बाट सर्भेकार्य गर्न एसडिसी इन्जिनियरिङ प्रा.लिसँग गरेको रु ९२६६००।०० र स्वास्थ्य संयोजक हस्ते सोलार सिस्टम खरिद र ढूवानी रु ५७३०००।००समेत रु१४९९६००।०० कार्यमा लागत अनुमान बनाई स्वीकृत गरेको देखिएन । लागत अनुमान वेगर खरिद गर्दा खरिद प्रक्रिया छनौट, स्पेशिफिकेशन, गुणस्तर, खर्च मितव्ययीता हुने अवस्था नरहने हुदा यसमा गम्भिर ध्यान दिनुपर्ने देखिन्छ ।

३२. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुलाई भुक्तानी गर्दा कर कट्टा नगरेको तथा केहिमा आंशिक मात्र गरेको देखियो । नियमानुसार कर कट्टा गरी दाखिला हुनुपर्ने रु. २८०८६.००

| भौ.न./मिति | विवरण | रकम | कर रकम | कैफियत |
|---|---|---|---|---|
| २६-०७६/९/८ | स्वस्तिमा फर्निचर तथा कपास प्रसोधन केन्द्र | १४१०४०.०० | १९०४१.०० | |
| ६१-०७६/११/७ | स्वस्तिक फर्निचर | ६७०००.०० | ९०४५.०० | |
| ६३-२०७६-२-१० | १७ जना महिला स्वमसेवकलाई पोशाक भत्ता | १२७५००.०० | १२७५.०० | सासुकर |
| ७३-०७६/२/१७ | विज्ञान प्रयोग सामाग्री खरिद | ४०००००.०० | ११२६६.०० | अग्रिमकर १६६६ र पा.कर ९६०० |
| १३२-०७६/३/२९ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन खर्च | १०००००.०० | ९२९.०० | अग्रिमकर |
| | **जम्मा** | | २८०८६.०० | |

३३. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष ५ लाख भन्दा बढि लागत अनुमान भएका विभिन्न ११ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई लागत अनुमानमा मूल्य अभिवृद्धि कर वापत रु ४८२७९९। भूक्तानी गरेकोले नियम सम्मत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।

## वित्तीय समानीकरण चालूतर्फ

३४. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुने किसिमको भत्ता नपाउने व्यवस्था छ । नियमा भएको व्यवस्था विपरित कार्यालयबाट देहायका कर्मचारीले निम्नानुसारको दिनको दैनिक भ्रमण भत्ता भुक्तानी हुँदा स्थानीय भत्ता कट्टा नगरेको देखिएकोले असुल हुनुपर्ने रु. २२३९६.००

| क्र.सं | कर्मचारीको नाम | दिन | रकम रु. |
|---|---|---|---|
| १ | प्र.प.अ. सुरेश खनाल | ३० | ११६३०.०० |
| २ | गोकर्ण राज रेग्मी | ५० | १०७६६.०० |
| | **जम्मा** | | **२२३९६.००** |

३५. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेशले कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यो गाँउपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु. ६४३४४५०। खर्च लेखेको देखियो ।

| क्र.सं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३६०००० | ३००००० | १४४०००० | ७६८००० | ११४०००० | ४००८००० |
| २ | सञ्चार सुविधा (वार्षिक) | १३२०० | १२००० | ३६००० | ० | ० | ६१२०० |
| ३. | बैठक भत्ता | ७२००० | ७२००० | ४३२००० | ५७६००० | ५७००० | १२०९००० |
| ४. | अनुगमन भत्ता | २५०००० | १००००० | ४५०००० | ७०००० | १३१२५० | १००१२५० |
| ५. | अथिति सत्कार | ५०००० | ० | ० | ० | ० | ५०००० |
| | यातायात खर्च | ५०००० | २५००० | ३०००० | ० | ० | १०५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ७९५२०० | ५०९००० | २३८८००० | १४१४००० | १३२८२५० | ६४३४४५०.००. |

| | | |
|---|---|---|
| ३६. | **लागत अनुमान बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ५ (क) मा सार्वजनिक निकायले लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले भौ.न. ९९-०७६।३।२३ बाट हाते सोलार सिस्टम रु. ५७३०००। खरिद गर्दा लागत अनुमान बनाई स्विकृत गरेको देखिएन । लागत अनुमान वेगर खरिद गर्दा खरिद प्रक्रिया छनौट, स्पेशिफिकेशन, गुणस्तर, खर्च मितव्ययीता हुने अवस्था नरहने हुदा यसमा गम्भिर ध्यान दिनुपर्ने देखिन्छ । नियम विपरित भएको कार्यको औचित्य पुष्टि गर्नुपर्ने देखिएका रु. | ५७३०००.०० |
| ३७. | **कोचिङ्ग कक्षा :** १८।२०७६।३।२९ वाल विकास आधारभूत विद्यालय तल्लो दुनिमा २०७५ मंसिर देखि माघ महिना सम्म कोचिङ्ग कक्षा सञ्चालन वापत ४००० का दरले ३ महिनाको ३६०००।०० कैलाश मा.वि. महतीमा २०७५ मंसिर देखि  फाल्गुन महिना सम्म कोचिङ्ग कक्षा सञ्चालन वापत  ५ जनालाई रु ६००० का दरले ४ महिनाको १०८०००।०० समेत जम्मा रु १४४०००।०० भुक्तानी खर्च लेखेकोमा के कति विद्यार्थी सहभागि भै थप कोचिङ्ग कक्षा सञ्चालन सञ्चालन गर्दा के कति विद्यार्थीले उपलव्धी हासिल गरे नगरेको सम्वन्धमा मूल्याकंन नगरी भुक्तानी गरेकोमा उपलव्धी हासिल भएको सुनिश्चित हुनुपर्दछ । | |
| ३८. | **छात्रवृत्ति वितरण –** विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा अनुमति तथा स्वीकृति प्राप्त सबै सामुदायिक विद्यालयका कक्षा १० सम्मका विद्यार्थीलाई छात्रवृत्तिको लागि निकासा दिने र निर्धारित समयभित्र छात्रवृत्ति वितरणको सुनिश्चित गर्न विभिन्न संयन्त्रबाट अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष  १६ विद्यालयले छात्रवृत्ति वितरणको भरपाई बेगर रु. ७७५३००।०० वितरण गरेकोमा अनुगमन प्रतिवेदन संलग्न छैन । छात्रवृत्ति वितरण भएको सुनिश्चित हुनुपर्दछ । | |
| ३९. | **स्वमसेवक शिक्षकः** आन्तरिक निर्णयबाट २० जना स्वमसेवक शिक्षकलाई नियूक्त गरी आन्तरिक श्रोतवाट तलव खर्च रु ६२००००।०० खर्च लेख्नुपर्नेमा शसर्त शिर्षकबाट खर्च लेखेको नियमित नदेखिएको रु | ६२००००.० |
| ४०. | **प्रधानमन्त्री रोजगार कार्यकमः** यस कार्यकम अन्तर्गत वार्षिक बजेट रु३५०२०००। विनियोजन भएकोमा रु.२९,७५,३१४। खर्च गरि रु.५२६६८६। बाँकी रहेकोमादेखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।<br>क) यस  पालिका अन्तर्गत  बेरोजगार १३९२ जना रहेको जनाएकोमा १३५ जनालाई  औषतमा ३० दिनको रु ५१७। का दरले रु २०,७३,०००। भुक्तानी गरेको छ । खर्च गरेकोले प्रधानमन्त्री रोजगार कार्यकम अन्तर्गत विनियोजित रकमको  ८४.९६ प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको ९.६९ प्रतिशतले लाभ पाएको देखियो ।<br>क) खर्च भएको मध्ये टि सर्ट र हेल्मेट रु १,६७,०००।मा खरिद गरेको  र अन्य सामान कर्णाली रोजगार कार्यक्रमका सामान प्रयोग गरेको जनाएको छ । साथै टि सर्ट र हेल्मेट ती कामदारलाई नै हस्तान्तरण गरेको जनाएको छ ।<br>ख) रोजगारदाताको रकम भुक्तनी गर्दा खातामा जम्मा गरी खर्च लेख्नुपर्नेमा नागरिकताको प्रमाण समेत संलग्न नराखी १३५ जनालाई ३० दिनको  औषतका दरले रु २०,७३,०००। खर्च लेखेकोमा वास्तविक बेरोजगारले रकम पाएको सम्वन्धमा यकिन हुनुपर्दछ । | |
| ४१. | **अनुगमन खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(३) मा सार्वजनिक यातायात चल्ने स्थानमा एकैदिन गई फर्कन सक्ने अवस्थामा दैनिक भत्ताको २५ प्रतिशत खाजाखर्च र यातायात खर्च पाउने व्यवस्था छ । नियम (८) मा सदरमुकाम क्षेत्र वा रात विताउनु पर्ने गरी खटिएको स्थानदेखि २० किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ । यस पालिका अन्तर्गतका मुकाम कोल्टी तथा बाजुरा सम्म भ्रमण गर्दा तथा पालिकाका वडा सम्मको अनुगमन लगायत अन्य कार्यकमको लागि २ देखि ६ दिन सम्मको देखाई अनुगमन मूल्यांकन खर्च रु १५००,७७१।०० रु भ्रमण खर्च रु १८,१९०९५।०० समेत जम्मा रु ३३,१९,८६६।०० खर्च लेखेको छ ।  यस्ता खर्च नियन्त्रणमा आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भूमिका हुने भएकोले यसलाई अझ सशक्त वनाई खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| ४२. | **खर्चको मापदण्ड** : पालिकाले वर्षभरीमा खाजा खाना तथा गाडी भाडामा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियन्त्रण गर्न आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| १ | भैपरी खर्च | २५३०००.०० |

| | | |
|---|---|---|
| २ | ईन्धन | ९८२७५६.०० |
| ३ | नगरसभा बैठक खर्च | १०५०००.०० |
| ४ | विविध खर्च (चीया पान र अतिथि सत्कार) | ७८४१८५.०० |
| ६ | संचार महशुल | २२७२८३.०० |
| ७ | दैनिक तथा भ्रमण भत्ता खर्च तथा अनुगमन खर्च | ३११९८६६.०० |
| ८ | जग्गा तथा घर भाडा | ७८७०००.०० |
| | बैठक खर्च | ३०८९००.०० |

| | | |
|---|---|---|
| ४३. | **सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) माकार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा रु. ५ लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । पालिकाले.शिक्षक वाहेक ३८ जना कर्मचारी नियुक्ती गरी करार सेवामा रु ५२६२५३८।०० खर्च लेखेको पाइयो । यसमा सुधार हुनुपर्दछ । | |
| ४४. | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना अन्तर्गत नेपाल सरकारको अनुपातिक योगदान अंश रु ७३०००। र फिनल्याण्ड लगायत अन्य निकायको अनुपातिक योगदान अंश रु ७३०००। समेत जम्मा रु १५००००। निकासा भएकोमा सोही अनुशार अनुपातिक रुपमा खर्च लेख्नुपर्ने मानव संशाधन केन्द्र बाजुराद्धारा कार्यान्वयन गरिएको कार्यक्रम मध्ये नेपाल सरकारको अनुपातिक अंश खर्च गरि बैदेशीक सहयोगको पुरै रकम रु ७७०००। खर्च नगरि परियोजना नेपाल कार्यालय डडेलधुरालाई फिर्ता पठाएकोले अनुपातिक खर्च मध्ये नेपाल सरकारको श्रोत मात्र खर्च गर्नुपर्ने पुष्टयाई पेश हुनुपर्ने रु | ७३०००.०० |
| ब. | प्रविधिक प्रतिवेदन तयारी (Technical Report Preparation) वापत रु १७८००। खर्च लेखेकोमा प्रतिवेदन संलग्न नरहेकोले पेश हुनुपर्ने रु | १७८००.०० |
| ४५. | **अर्धवार्षिक समिक्षा :**<br>११०-०७५।११।१ स्वास्थ्य संयोजक पारश बहादुर शाहीको विभिन्न कार्यकमवापत खर्च रु ४४०१००।०० को विल भरपाई परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन:<br>क) म. स्वा.स्व. सेविकाहरुको अर्धवार्षिक समिक्षा गोष्ठी हुनि महती स्वस्थ्य केन्द्रमा १ दिनमा गर्न सकिनेमा २ दिन गरेको जनाई ४ जनालाई थप बैठक भत्ता भुक्तानी गरेको असूल हुनुपर्ने रु<br>ख) म. स्वा.स्व. सेविकाहरुको अर्धवार्षिक समिक्षा गोष्ठी जगन्नाथ स्वस्थ्य चौकीमा १ दिनमा गर्न सकिनेमा २ दिन गरेको जनाई ४ जनालाई थप बैठक भत्ता भुक्तानी गरेको असूल हुनुपर्ने रु<br>ग) म.स्वा.स्व. सेविकाहरुको अर्धवार्षिक समिक्षा गोष्ठी हुनि महती स्वस्थ्य केन्द र जगन्नाथ स्वस्थ्य चौकीमा सहभागि हुन गएवापत ७ दिन को दैनिक भ्रमण भत्ता भुक्तानी दिएकोमा हरेक वडामा २ घण्टा भित्र पुग्न सकिनेमा २ दिनको कार्यकमलाई ७ दिनको भुक्तानी लिएकोले ४ दिनको दैनिक भ्रमण भत्ता असुल हुनुपर्ने रु. | १४२५.००<br>१४२५.००<br>७०४०.०० |
| ४६. | **कर विजक** : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्विकृत भए देखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्दछ । त्यसरी कर विजक जारी गर्दा विजक नं. नभएको, विल कम्प्यूटर प्रिन्टेड हुन नहुने, केरमेट नभएको हुनुपर्ने उल्लेख छ । कम्प्यूटर लगायत खरिदको रोयल कर्णाली इलेक्ट्रोनिक्स मार्टलाईभुक्तानीमा विल नम्वर दोहोरो उल्लेख गरेको रु ४७९६००।०० को विल संलग्न गरी भुक्तानी भएको मु.अ.कर रु ५५१७५।०० को समायोजनको प्रमाण पेश गर्नु पर्ने रु. | ५५१७५.०० |
| ४७. | **बहुक्षेत्रीय पोषण कार्यक्रम:** १००० दिनका आमालाई पोषण सम्वन्धि कार्यक्रम सञ्चालनका लागि रु ११,६१,६६०।०० खर्च गर्न करेसावारी व्यवस्थापन तथा उन्नत तरकारी किट वितरण, पशु जन्य प्रोटीनको उपलब्धता, अण्डा खरिद तथा वितरण र पोषण समवन्धि व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यक्रम गरेको जनाएकोमा पालिका अन्तर्गत सवै वडाका १००० दिनका आमा पहिचान गरि अभिलेख अध्यावधिक गरि तिनलाई लक्षित गरि कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा लेखापरीक्षण सो अभिलेख पेश नभएकोले १००० दिनका आमाहरुको तथ्यांकमा समावेश भएकालाई लक्षित गरि कार्यक्रम गरी लक्षित वर्गले नै सो सेवा पाएको सम्वन्धमा यकिन हुन नसकिएकोले कार्यकमले लक्षित उपलव्धी हासिल भएको सम्वन्धी प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ४८. | **सामाजिक सुरक्षा भत्ता पाउनेको लगत** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यस्था | |

छ । साविकमा परिचयपत्र लिएका व्यक्तिहरुले समेत आगामी आर्थिक वर्षमा भत्ता पाउनको लागि तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गराउनु पर्ने व्यवस्था छ । निर्देशिकाको नियम ६(२) मा चालु आर्थिक वर्षको आषाढभित्र उमेर पुग्ने नागरिकहरुले नगरपालिकामा चालु आर्थिक वर्षको मंसिर १५ गतेसम्म दरखास्त दिनुपर्ने र दरखास्त दिएका लक्षित समुहलाई नगरपालिकाले निर्देशिका अनुसार परिचयपत्र उपलब्ध गराउनु पर्ने तथा आर्थिक वर्षको श्रावण १ देखि परिचयपत्र कार्यान्वयन हुने व्यवस्था छ । पालिकाले यो आर्थिक वर्षमा रु १८६४०२००। सामाजिक सुरक्षा खर्च लेखेको छ । सामाजिक सुरक्षा अनुदान प्राप्त गर्नेहरुको अनलाईन डाटावेस तयार गरी सोही आधारमा खर्च तथा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिएको छ । साथै वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता हालसम्म बैक मार्फत वितरण गरेको देखिएन । बैंक मार्फत हितकारी व्यक्तिको खातामा सामाजिक सुरक्षा भत्ता वितरण कार्य गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन :

१. सामाजिक सुरक्षाको लाभग्राहीको अभिलेख अध्यावधिक नगरि रकम भुक्तानी गर्दा एउटै नागरिकता नं. दुई वा दुई भन्दा बढी भएका तथा एउटै नाम र नागरिकता दुई भएकालाई समेत भएको एम आइ एस लगत रहेकोले वास्तविक लाभग्राहीले रकम पाएको सम्वन्धमा एकिन गर्न सकिएन । अतः लाभग्राहीको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (एम आइ एस लगत) अद्यावधिक गरी लाभग्राहीलाई वैक मार्फत रकम भुक्तानी गर्नुपर्दछ ।

३. नमूनाको रुपमा वडा नं. ६ को वितरण भरपाई परीक्षण गर्दा विधुवा भत्ताा वितरण गर्दा एउटै नाम, नागरिकता नं. भएको तथा वालवालिकाको हकमा नाम, जन्म मिति तथा अभिभावकको नाम समेत दोहोरो रहेको अवस्थामा समेत ल्याप्चे भरपाई बाट दोहोरो खर्च लेखेको देखिएकोले असुल गर्नु नपर्ने भएमा प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.

| सि.नं. | भत्ताको वर्गिकरण | सामाजिक सुरक्षा भत्ता पाउनेको नाम | ना.प्र.नं. | वितरण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्युवा भत्ता | प्रेमकला सार्की | ७०३००७/२२ | १२००० | दोहोरो |
| २. | वालवालिका | सरपना सार्की | २०७४-११-५ | ४८०० | दोहोरो |
| ३. | वालवालिका | आरती विष्ट | २०७५-१-१० | ४८०० | दोहोरो |
| | | | **जम्मा** | **२१६००** | |

२१६००.००

४९. **प्रशिक्षक भत्ता :-**

नेपाल सरकार अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिकाको प्रकरण ७.१.१५ मा सवै प्रकारका तालिम, गोष्ठि, सेमिनार केन्दीयस्तर/क्षेत्रीयस्तर, जिल्लास्तर, स्थानीयस्तरमा सञ्चालनको लागि नर्म्सको व्यवस्था गरेको छ । कार्यालयले आ.व. २०७५/७६ मा सञ्चालन गरेका १००० दिनका आमालाई पोषण सम्वन्धि कार्यक्रम सञ्चालनका लागि रु ११,६१,६६०।०० खर्च गर्न करेसावारी व्यवस्थापन तथा उन्नत तरकारी किट वितरण, पशु जन्य प्रोटीनको उपलब्धता, अन्ध विश्वास पैरवी सम्वनिध, सरसफाई सम्वन्धि गोष्टी र पोषण सम्वन्धि व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यकममा देहायका प्रशिक्षकहरुलाई रु. ७००। का दरले दिनुपर्नेमा रु १७६०।०० प्रशिक्षण भत्ता दिएको देखियो । नर्म्सभन्दा बढी भुक्तानी गर्न नमिल्ने भएकोले सम्वन्धित पदाधिकारीहरुबाट सोरकम रु. ८४०००.०० असुल गर्नुपर्ने रु.

| **सि.नं.** | **प्रशिक्षकहरुको नाम** | **भुक्तानी भएको रकम** | **भुक्तानी गर्नुपर्ने रकम** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | श्रोत व्यक्ति खड्क बहादुर शाह | ३५२००.०० | १४२००.०० | २१०००.०० |
| २ | प.से.प्रा. विनोद प्रसाद आछामी | ३५२००.०० | १४२००.०० | २१०००.०० |
| ३ | ना.प्रा.स मंगल प्रसाद उपाध्याय | ३५२००.०० | १४२००.०० | २१०००.०० |
| ४ | स्व संयोजक पारस बहादुर शाही | ३५२००.०० | १४२००.०० | २१०००.०० |
| | | | | **८४०००.००** |

८४०००.०

५०. **पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिमको पेश्की फछ्र्यौट भएको छैन । अतः नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु.

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | आधारभूत स्वास्थ्य केन्द्र निर्माण उ.स. जगन्नाथ १ | ६१६०००.०० |
| २. | आधारभूत स्वास्थ्य केन्द्र निर्माण उ.स. जगन्नाथ ३ | ६१६०००.०० |
| ३. | आधारभूत स्वास्थ्य केन्द्र निर्माण उ.स. जगन्नाथ ५ | ६१६०००.०० |
| ४. | आधारभूत स्वास्थ्य केन्द्र निर्माण उ.स. जगन्नाथ ६ | ६१६०००.०० |

७३१८०००.०

| | | | | |
|---|---|---|---|---|
| | ५. | भलियावगड सिचाई कुलो निर्माण | ११७000.00 | |
| | ६. | झप्राली सिचाई कुलो निर्माण | ११८000.00 | |
| | ७. | बड्डी गार्ड लघु जलविद्युत आयोजना | ६00000.00 | |
| | ८. | ओदालडाडा हाडेओडार सडक | १५00000.00 | |
| | ९. | ढोली वाडाचाका सिचाई | १२0000.00 | |
| | १०. | तललोहुनि स्वास्थ्य चौकी | १०५000.00 | |
| | ११. | पिलुचौर तटबन्ध निर्माण | २१0000.00 | |
| | १२. | वार्ड नं. ४ घट्ट मिल निर्माण | १२0000.00 | |
| | १३. | नवराज विष्ट | १५४000.00 | |
| | १४. | वालविकास आ.वि. २ कोठे भवन निर्माण | २४0000.00 | |
| | १५. | कालडाडा सिचाई कुलो निर्माण | २८५000.00 | |
| | १६. | खडि पनेरा खा.पा.यो. निर्माण | ९0000.00 | |
| | १७. | सेराकाँडाकोट सडक तटवन्धन निर्माण | १५0000.00 | |
| | १८. | लुहारवाडा आरन निमांण | ७५000.00 | |
| | १९. | देवलकोट मा.वि. भवन निमांण | ४00000.00 | |
| | २०. | भुकाहा खोला जलविद्युत निर्माण | ५७0000.00 | |
| | | **जम्मा** | **८000.00** | |
| ५१. | **कर कट्टा नगरेको :** ब्रदर्स रेष्टो एण्ड म.म. सेन्टर लाई खाजा खर्च वाफत रु ५३५00। भुक्तानी गरेकोमा कर नकाटेकोले १५ प्रतिसत अग्रिम कर रु ८०२५.०० कट्टागरी असुल गर्नुपर्ने रु | | | ८०२५.०० |

अनुसूची– १

## जगन्नाथ गाउँपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाजुरा | जगन्नाथ गाउँपालिका | ३६ | २० | २१५६८ | ० | ३ | १२७५ | ३६ | १७ | २०२९३ | १०३७७ | ६२० | १९७८ | ० | ० | १२९७५ | ० | ७३१८ | ७३१८ |

## जगन्नाथ गाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची - २

२०७५/७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | जगन्नाथ गाउँपालिका | बाजुरा | १७८२२ | ७७८७० | १२७५८८ | ० | २०५४५८ | २३३६६ | ९६४९७ | १०२७२२ | २२२५८५ | ६९५ |

## अद्यावधिक वेरुजू स्थिति

अनुसूची - ३

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| जगन्नाथ गाउँपालिका | बाजुरा | १९२४ | ० | १९२४ | ० | २०२९३ | २२२१७ |